# धनगढीमाई नगरपालिकाको निर्माण व्यवसायको व्यवस्थापन
# र
# नियमन गर्न बनेको निर्देशिका, २०७४

## धनगढीमाई नगरपालिका

धनगढी, सिरहा

२ नं प्रदेश, नेपाल

# धनगढीमाई नगरपालिकाको निर्माण व्यावसायको व्यवस्थापन र नियमन गर्न बनेको निर्देशिका, २०७४

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७४ चैत्र ०२ गते**

**प्रथम संशोधन मिति : २०७५ पौष २४ गते**

**प्रस्तावना** : धनगढीमाई नगरपालिकाको सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम राख्न निर्माण व्यवसायीहरुको प्रवर्द्धन तथा विकास गरी निर्माण व्यवसाय संचालन गर्ने सम्बन्धमा (घ) वर्गको निर्माण व्यवसाय सञ्चालन गर्ने व्यवसायी, फर्म /कम्पनीको दर्ता र नविकरण र नियमन गर्न आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खन्ड छ (१०) वमोजिम धनगढीमाई नगरपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१.परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम धनगढीमाई नगरपालिका वा धनगढीमाई नगरपालिकाको पूर्ण स्वामित्व भएको संगठित संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्दछ र सो शब्दले पुनः निर्माण तथा मर्मत तथा सम्भारको कार्य समेतलाई जनाउँछ ।

(ख) "निर्माण व्यवसायी" भन्नाले यस कार्यविधि बमोजिम दर्ता भएको (घ) वर्गको निर्माण व्यवसाय संचालन गर्ने फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ग) "इजाजत-पत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि यसै निर्देशिका बमोजिम दिइने इजाजतपत्र सम्झनु पर्छ ।

(घ) "घ वर्गको निर्माण व्यवसायी नियमन गर्ने निर्देशिका २०७४" भन्नाले यस निर्देशिकाको नाम सम्झनु पर्छ ।

(ङ) "संगठित संस्था" भन्नाले धनगढीमाई नगरपालिकाको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

(च) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न नेपाल सरकार, प्रादेशिक तथा धनगढीमाई नगरपालिका तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

(छ) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृतिकर्ताको बीच भएको सम्झौतापत्र वा त्यस्तो सम्झौतापत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ ।



प्रमाणित गर्ने : गजेन्द्र नाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-२

## इजाजत-पत्र सम्बन्धि व्यवस्था

**२. इजाजत-पत्र** : (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने 'घ' वर्गका निर्माण व्यवसायीले अनुसुची-१ बमोजिमको ढाचाँमा तोकिए बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्न इजाजत-पत्रको लागि कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा परिच्छेद ३ बमोजिमको मेशिन औजार तथा साधन स्रोत, जनशक्ति एवं अन्य आवश्यक योग्यता भए नभएको सम्बन्धमा उप प्रमुखको संयोजकत्वमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ । सो समितिले बढीमा १५ दिन भित्र जाँचबुझ गरी इजाजत-पत्र दिन उपयुक्त देखिएमा कार्यालय समक्ष सिफारिस गर्नेछ । समितिमा निम्न पदाधिकारीहरु रहने छन् ।

| | |
|---|---|
| संयोजक | उप प्रमुख |
| सदस्य | आर्थिक प्रशासन शाखा प्रमुख |
| सदस्य | राजस्व शाखाका प्रमुख |
| सदस्य | ईन्जिनियर |
| सदस्य सचिव | प्रशासन शाखाका प्रमुख |

(३) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र दिने नदिने निर्णय प्रमुख प्रशासकीय अधिकृतले गर्नु पर्नेछ । निर्णय वमोजिम प्रमूख प्रशासकीय अधिकृतले इजाजत पत्र बापत अनुसूची-३ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-२ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(४) समितिबाट सिफारिस भई आएको ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले इजाजत-पत्र दिनेछ । त्यस्तो इजाजत-पत्र अनुसूची-४ वमोजिमको ढाँचामा अभिलेख राखी /अद्याबधिक गराई राख्नु पर्नेछ ।

**३. इजाजतपत्रको अवधि र नवीकरण** : (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित धनगढीमाई नगरपालिकावाट अनुसूची-३ वमोजिमको दस्तुर तिरी



प्रमाणित गर्ने : गजेन्द्र नाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत

नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । तोकिएको बिवरण नबुझाउने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-३ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

(४) दफा (४) मा जे सुकै लेखिएको भएतापनि साविकमा प्रचलित कानून बमोजिम दर्ता भई हाल संचालनमा रहेको निर्माण व्यवशायहरुको हकमा एक पटकको लागि सो अवधि नाघिसकेको भए पनि थप दस्तुरको दोब्बर जरिवाना ( अनुसूची-३ बमोजिमको) लिई नविकरण गर्न सकिने छ ।

**४. इजाजत-पत्र खारेजी** : (१) देहायको अवस्थामा समितिको सिफारिसमा नगरपालिकाले निर्माण व्यवसायिको इजाजत-पत्र खारेज गर्न सक्नेछ :-

(क) झुट्ठा विवरण पेश गरी इजाजत-पत्र प्राप्त गरेमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण तथा कागजात पेश गरेमा,

(ग) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) दफा २ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजत-पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) र (३) बमोजिम इजाजत-पत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्म वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनु पर्नेछ ।

**५. इजाजतपत्रको प्रतिलिपि दिनेः** कुनै निर्माण व्यवसायीले ‘घ’ इजाजत-पत्र हराए वा नासिएको कारणबाट ‘घ’ वर्गका निर्माण इजाजत-पत्रको प्रतिलिपि पाउन निवेदन गरेमा नगरपालिकाबाट तोकिए बमोजिमको दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

## परिच्छेद - ३

## निर्माण व्यवसायीको दायित्व

**६. निर्माण व्यवसायीको दायित्व** : (१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधिनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।



प्रमाणित गर्ने : गजेन्द्र नाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण सम्पन्न गरेको निर्माण कार्यको एकप्रति विवरण अनिवार्य नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

३) “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछ ।

१. प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटिमा एक लाख चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. कर कार्यालयमा दर्ता भएको प्रमाणपत्र ।

३. फर्मको नाममा खाता खोली रु. एकलाख जम्मा भएको बैंक भौचर ।

४. फर्ममा काम गर्ने जनशक्तिको पूर्ण विवरण ।

इन्जिनियर/सब इञ्जिनियर

लेखासम्बन्धी काम गर्ने कर्मचारी

प्रशासन सम्बन्धी गर्ने कर्मचारी

५. कर्मचारीहरुको योग्यता र नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने ।

६. फर्मका पूर्ण समय दिन्छु भनी कर्मचारीसंग भएको करारनामा पेश गर्नुपर्ने ।

७. फर्मसंग रहेका उपकरण पेश गर्नुपर्नेछ । उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पेश गर्नुपर्नेछ ।

८. उपकरण ठिक छ भनि प्रमाणित गर्ने मेकानिकल इन्जिनियर कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको र नेपाल इन्जिनियरिङ्ग एसोसियसनको सदस्यताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने ।

९. कम्तीमा तपसिल बमोजिमका उपकरण भएको हुनुपर्ने तथा उपकरण बिमा गरेको हुनुपर्ने ।

क) लेबल मेसिन

ख) वाटर पम्प

ग) भाइब्रेटर

घ) ट्रयाक्टर

७. यस निर्देशिकामा उल्लेख भएका विषयहरु यसै निर्देशिका बमोजिम हुनेछ तथा केन्द्रीय र प्रादेशिक कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ । नगर कार्यपालिकाले आवश्यकतानुसार यस निर्देशिकामा थपघट तथा हेरफेर गर्न सक्नेछ ।



प्रमाणित गर्ने : गजेन्द्र नाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची - १
## (दफा २ संग सम्बन्धित)

विषयः इजाजतपत्र पाउँ भन्ने बारे

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू
धनगढीमाई नगर कार्यपालिकाको कार्यालय
धनगढी,सिरहा, प्रदेश २, नेपाल ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खन्ड छ (१०) बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजत पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दस्तखत पेश गर्ने फर्म वा कम्पनीको
नाम :
ठेगानाः
पोष्ट बक्स नंः
टेलिफोन नं :

२. फर्म वा कम्पनीको प्रकृति
☐ प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी
☐ एकलौटी
(कोष्ठमा रेजा लगाउनु पर्नेछ ।)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको अधिकारिक व्यक्तिको
नामथरः
ठेगानाः पोष्टबक्स नं
टेलिफोन नंः फ्याक्स नं इमेलः

४. फर्म वा कम्पनीको विवरण :
दर्ता नं दर्ता मिति :
अधिकृत पूँजी : जारी पूँजी
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजतपत्र लिन चाहेको वर्ग :
६. सामुहिकरण हुन चाहेको समुह :
७. आर्थिक श्रोतको विवरण

| | रकम | वित्तिय संस्था ( वैंकको नाम) |
|---|---|---|
| स्थानीय ओभरड्राफ्ट | | |
| मुद्धती | | |
| चल्ती खाता | | |
| वचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।



प्रमाणित गर्ने : गजेन्द्र नाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत

८. कामदारको विवरण

(क) प्राविधिक

(ख) अप्राविधिक

१)

२)

३)

(ग) अन्य

९. कामदार वा कर्मचारीसंग गरिने करारनामा सम्झौताको नमूना

**सम्झौता पत्र**

म ................................................ को हैसियतको श्री ............................................... को फर्ममा मिति .................. देखि ........................ को हैसियतमा काम गर्नेछु । मेरो शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल प्रमाणित प्रतिलिपी यसैसाथ पेश गरेको छु । म यस फर्ममा पुरा समय काम गर्नेछु । हाल कुनै सरकारी वा अन्य संगठित सार्वजनिक संस्थामा कार्यरत छैन । ....................................... फर्मको प्रोप्राइटर संचालकको हैसियतले निज ................................................... लाई ....................................... पदमा लगाउन मञ्जुर भई हामी दुवै पक्षवाट मञ्जुरी गरी यो सम्झौता पत्र गरिदियौ ।

| फर्मको तर्फवाट | कर्मचारीको तर्फवाट |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दरखास्त : | दरखास्त : |

१०. यस अघि सम्पन्न गरेको कामको विवरण

| सि.नं. | निर्माण सम्वन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १. | भवन निर्माण तथा मर्मत संभार | | | |
| २. | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३. | विमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४. | बाँध, नहर, जलाशय, पानी टंकी तथा ढल निर्माण, पाईप विछ्याउने तथा मर्मत संभार | | | |
| ५. | सुरुङ्ग, भूमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मिर्मत संभार | | | |
| ६. | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत संभार | | | |
| ७. | हाईड्रोलिक स्ट्रक्चर | | | |
| ८. | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९. | अन्य | | | |

११. करचुक्ता गरेको प्रमाण कागजातहरु :

क.

ख.

ग.



प्रमाणित गर्ने : गजेन्द्र नाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत

१२.आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धी सवारी मेशिनरी औजारको विवरण :

| सि.न. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे.श्री ............................................... सँग राम्रो र चालु अवस्थामा रहेको र तिनको वास्तविक मूल्य उल्लेख भए वमोजिम भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने प्राविधिक(मे.ई.)को सही :
पुरा नामथर :
कार्यालय :
मिति :

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे.श्री ............................................... सँग राम्रो र चालु अवस्थामा रहेको र तिनको वास्तविक मूल्य उल्लेख भए वमोजिम भएकोव्यहोरा प्रमाणित गर्दछु ।

ठे.तर्फवाट प्राविधिक सिभिल ईन्जिनियर वा ओभरसियरको सही :

पुरा नामथर :
मिति :

द्रष्टव्य : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनि मेकानिकल इन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।
यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरे कानुन वमोजिम सहुँला वुझाउँला ।

निर्माण व्यवसायीको छापः

दरखास्तवालाको नाम :
दस्तखत :
मिति :

द्रष्टव्य : यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

**अनुसूचि-२**
(दफा २ को उपदफा ३)
धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी,सिरहा,
२ नं. प्रदेश नेपाल

## इजाजत-पत्र

फोटो

इजाजत पत्र नं.................

स्थानीय तह संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ (१०) वमोजिम 'घ' वर्गको निर्माण व्यवसाय सञ्चालन गर्ने धनगढीमाई नगरपालिका वडा नं...........................स्थित कार्यालय भएको प्रो. श्री ...................................................................... फर्म वा कम्पनीलाई इजाजत पत्र प्रदान गरिएको छ ।

**इजाजत पत्र दिने अधिकारीको**

दस्तखत :-

नाम :-

पद :-

कार्यालय :

**नविकरण**

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहेको अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | फाँटवाला | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



प्रमाणित गर्ने : गजेन्द्र नाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची - ३
(दफ २ को उपदफा ३ र दफा ३ अनुसार)

| क्र.सं. | इजाजत पत्र दस्तुर | इजाजतपत्र नविकरण दस्तुर म्याद भित्र | नविकरण दस्तुर म्याद भित्र | नविकरण दस्तुर म्याद नाघे पछि | नविकरण दस्तुर म्याद नाघे पछि एक पटकको लागि | प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | १०,०००।- | २,०००।- | २०००।- | ४०००।- | ८०००।- | ५००।- |

## अनुसूची - ४
(दफ २ को उपदफा ४ अनुसार)

**धनगढीमाई नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**धनगढी,सिरहा,**

**२ नं. प्रदेश नेपाल**

घ वर्गको निर्माण व्यवसायीको इजाजत पत्रको दर्ता वा नविकरण रजिष्टर

| इजाजत पत्र नं. | दर्ता वा नविकरण मिति | फर्म वा कम्पनीको नाम र ठेगाना | व्यावसायी को नाम र ठेगाना | ना.प्र.नं., जारी मिति र जिल्ला | फर्मको PAN वा VAT नं. | दर्ता वा नवीकरण बहाल रहने अवधि | दर्ता वा नवीकरण दस्तुर र भौचर नं. | फाँटवाला को नाम र दस्तखत | व्यावसायीकको फोटो | फोटामा पर्ने गरी दर्ता वा नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |



प्रमाणित गर्ने : गजेन्द्र नाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत